# प्रदेश सरकार
# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
## गण्डकी प्रदेश, पोखरा

# निःशुल्क सीप परिक्षणमा सहभागी हुन चाहनेहरुका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम प्रकाशन मितिः २०७९/०७/०६ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परिक्षण समिति (NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS–P II) को सहयोगमा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning–RPL) विधिबाट निःशुल्क संचालन हुने ईकाईगत दक्षता (Unit Competency) को सीप परीक्षण (परामर्श तथा सीप परीक्षण) मा सहभागी हुन इच्छुक १६ बर्ष उमेर पुगेका तथा बैदेशिक रोजगारबाट फर्केका वा सम्बन्धित पेशाको कार्य अनुभव भएका नेपाली नागरिकहरुले आफूलाई पायक पर्ने तपसिल बमोजिमका केन्द्रमा गई मिति २०७९/०७/२७ गते कार्यालय समयभित्र आवेदन फारम पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिल**

सीप परीक्षण (परामर्श तथा सीप परिक्षण) केन्द्रहरु, परिक्षण हुने व्यवसाय र तह

| क्र. स. | आवेदन फारम संकलन केन्द्र | ठेगाना | सम्पर्क न. | व्यवसाय/तह |
|---|---|---|---|---|
| १. | पोखरा प्राविधिक शिक्षालय, | फुलबारी, पोखरा | ०६१-५२८०४०, ९८५६०३५५२८ | फ्रन्ट अफिस असिस्टेन्ट - तह १ (अन्तर्गतका इकाईहरु) |
| २. | CTEVT गण्डकी प्रदेश कार्यालय, पोखरा, | मालेपाटन, पोखरा | ०६१-५३२२७१, ९८५६०४२२८३ | १. टायल एण्ड मार्बल फिक्सर- तह १ (अन्तर्गतका इकाईहरु)<br>२. वेल्डर- तह २ (अन्तर्गतका इकाईहरु)<br>३. कन्स्ट्रक्सन मेसन- तह २ (अन्तर्गतका इकाईहरु)<br>४. प्लम्बर- तह २ (अन्तर्गतका इकाईहरु)<br>५. बिल्डिङ्ग पेन्टर- तह २ (अन्तर्गतका इकाईहरु)<br>६. गार्मेन्ट फेब्रिकेटर- तह १ (अन्तर्गतका इकाईहरु) |

**२. आवेदनको लागि न्युनतम योग्यता**

क. तह १ को लागिः सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा क्रम्तिमा १ बर्षको कार्यानुभव भएको ।

ख. तह २ को लागिः सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा ३ बर्षको कार्यानुभव भएको वा सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उतिर्ण भई सम्बन्धित व्यवसायमा १ बर्षको कार्यानुभव भएको ।

**३. आवेदकले आवेदन फारम भर्दा पालना गर्नुपर्ने शर्तहरु**

क. आवेदनको साथ रजिस्ट्रेसन शुल्क रु. २७० सहित तोकिएको केन्द्रमा बुझाउनु पर्ने छ ।

ख. आवेदन तथा स्वःघोषणा फारमको साथमा आवेदकले निम्न कागजात बुझाउनु पर्ने छ ।

- हाल सालै खिचिएको एकै किसिमको २ प्रति पासपोर्ट साइजको फोटो
- नागरिकता प्रमाण पत्रको फोटोकपी
- अनुभवको प्रमाणपत्र (सरकारी वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजि रोजगारदाता संस्था/उधोग/व्यवसायीले सम्बन्धित पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको सक्कल प्रमाणपत्र वा पत्र),
- बैदेशिक रोजगारबाट फर्कका आवेदकले फारम भर्दा सम्बन्धित पेशामा बिदेशमा काम गरेको अंग्रेजीमा अनुवादित प्रमाणपत्र,

ग. सम्बन्धित पेशामा स्वीकृत आवेदन फारम संख्या ५ भन्दा कम भएमा सीप परिक्षण संचालन गरिने छैन र आवेदकले बुझाएको रकम सम्बन्धित केन्द्रमा निवेदन दिई फिर्ता लिन सक्नेछन् ।

घ. परामर्शकार्यबाट छानिएका आवेदकहरु मात्र सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

ङ. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु तथा तोकिएको समयमा दर्ता नभएका र रीत नपुगेका आवेदन फारमहरु स्वतःरद्द हुनेछन् ।

**थप जानकारीको लागि राष्ट्रिय सीप परीक्षण समितिको फोन नम्बर ०१-६६३८१५३, ६६३५१९५, ०६१-५९०८७५ तथा मोबाइल नम्बर ९८५११६३९६४, ९८५७०१७५७८, ९८१७६३४६०४ । सम्बन्धित पेशा/व्यवसायको लागि आवेदन फारम तथा स्वःघोषणा फारम www.ctevt.org.np, www.nstb.org.np बाट डाउनलोड गर्न तथा सम्बन्धित केन्द्रहरुबाट प्राप्त गर्न सकिने छ ।**